फालेलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(महिला, बालबालिका तथा लघु उद्यम विकास शाखा)
थकेपुङ,पाँचथर
कोशी, प्रदेश नेपाल

प. सं.: २०८२/०८३
च. नं. २००८

मिति: २०८२/ ०२ / २१

**अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन सुधारका लागी आर्थिक सबलीकरण कार्यक्रमको लागी आवेदन दिने सम्बन्धी सूचना**

**(प्रथम पटक सुचना प्रकाशित मितिः २०८२/०२/२०)**

प्रस्तुत विषयमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरु आयआर्जन क्रियाकलापमा संलग्न भएका, अरु नयाँ उद्यमीहरुको व्यवसाय विस्तार, नयाँ उद्यमको स्थापना, र गरिरहेको व्यवसायलाई अझ प्रवर्द्धन गर्न अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन सुधारका लागि आर्थिक सबलीकरण कार्यक्रम सञ्चालनका लागी तपशिलमा उल्लेखित कागजातहरु संलग्न गरी मिति २०८२।०२।३१ गते भित्र पालिकाको महिला बालबालिका शाखा वा अपाङ्गता सहायता कक्ष मा आवेदन पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ। रित नपुगेका तथा म्याद नाघी प्राप्त आवेदनहरु उपर कुनै कारवाही हुने छैन।

**(क) आवश्यक न्युनतम मापदण्डः**

- नेपाली नागरिक,
- सेतो वा पहेलो अपाङ्गता परिचयपत्र पाएको अपाङ्गता भएको व्यक्ति,
- निलो र रातो अपाङ्गता परिचय पत्र पाएको व्यक्तिको हकमा एकाघर परिवारकव सदस्य
- फालेलुङ गाउँपालिकाको स्थायी बासिन्दा,
- उद्यम/व्यवसायमा संलग्न भएको वा सीप तालिम प्राप्त गरी उद्यम वा व्यवसाय शुरु गर्न तत्पर रहेका अपाङ्गता भएका व्यक्ति,

**(ख) संलग्न गर्नुपर्ने कागजातहरुः**

- अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन सुधार सबलीकरण कार्यक्रम सञ्चालन प्रकृयाको अनुसुची १ बमोजिमको आवेदन फारम,
- आवेदकको नागरिकता र अपाङ्गता परिचयपत्रको प्रतिलिपि,
  *(यदि निलो र रातो अपाङ्गता परिचयपत्र भएको व्यक्तिको हकमा आवेदक एकाघर परिवारको सदस्य भएमा नेपाली नागरिकताको प्रतिलिपि वा नाता खुल्ने कागजात अनिवार्य राख्नु पर्ने छ)*
- व्यवसाय दर्ता भएको भए दर्ता प्रमाणपत्र,
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटो,

| क्र.स | कार्यक्रम | लक्षित समुह | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १. | अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जन सुधारका लागी आर्थिक सबलीकरण कार्यक्रमको | अपाङ्गता भएका व्यक्ति तथा परिवारको सदस्य | ९५,८९०/- | |

**थप जानकारीका लागी महिला बालबालिका तथा लघु उद्यम विकास शाखा वा अपाङ्गता सहायता सहजकर्ता लिला चौँहानको मो.नं. ९८१७०५३०३४ मा सम्पर्क गरी बुझ्न सक्नुहुनेछ साथै अनुसुची १ बमोजिमको आवेदन फारम, सम्वन्धित शाखा तथा वडा कार्यालयबाट प्राप्त गर्न सक्नुहुनेछ ।**

**वोधार्थः**

श्री सुचना तथा प्रविधि शाखा वेबसाइट तथा सुचनाका माध्यममा राखी दिनुहुन ।
श्री सम्पुर्ण वडा कार्यालयहरु, आवश्यक सहजीकरण गरिदिनुहुन ।
श्री फालेलुङ अपाङ्गता सेवा संघ, थकेपुङ,पाँचथर ।

.......................
सुमन उप्रेती
प्रमुख प्रशासकिय अधिकृत



www.phalelungmun.gov.np ०२१-६९६४९० phalelunggaunpalika@gmail.com